## कृषि सहकारी तथा प्राकृतिक श्रोत समितिबाट मिति २०७७ साल वैशाख १ गतेदिख २०७७ साल असार मसान्तसम्म सम्पादन भएका मुख्य मुख्य कार्यहरुको संक्षिप्त विवरणः-

➢ मितिः २०७६।१।२३ गते कोविड-१९ को विश्वब्यापी महामारी र वन्दावन्दीको कारण कृषि क्षेत्रमा पर्न गएको असर र खाद्यान्न आपूर्तिमा देखिएको समस्याका सम्वन्धमा छलफल भएको।

➢ मितिः २०७७।०२।२२ गतेको बैठकवाट देहायवमोजिम निर्देशन दिने निर्णय भएको:-

१. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाईः-
सर्वसाधारण जनताको स्वास्थ्यको ख्याल गर्दै खाद्य पदार्थमा कुनै अखाद्य पदार्थको मिसावट रोक्न तथा नेपाललाई आवश्यक पर्ने खाद्य संचिती कायम गरी कोविड-१९ बाट उत्पन्न हुन सक्ने महामारीमा खाद्यान्न अभाव हुन नदिन।

२. कृषि तथा पशुपंक्षी विकास मन्त्रालयलाईः-

- कोभिड-१९ को विश्वव्यापी महामारी पछाडि नेपाल सरकारले कृषिको आधुनीकीकरण र व्यावसायीकरणको योजनासहित गरिबीको कारणले "कोही भोकै पर्दैन, भोकले कोही मर्दैन" भन्ने नारालाई सशक्त ढंगबाट कार्यान्वयनमा लैजान पर्ने आवश्यक्ता देखिन्छ।नेपालको सबै खाली जमिनलाई खेर जान नदिने र कृषि योग्य भूमिको पूर्ण उपयोग गरी सघन खेती प्रणालीका माध्यमबाट धान, गहुँ, मकै, तरकारी, आलुलगायतका कृषि उपजको उत्पादन बृद्धि गर्नु आवश्यक देखिन्छ।साथै खाद्य सुरक्षाको स्थितिमा सुधार गरी स्वदेशी वस्तुको उपभोग गर्ने प्रवृत्तिलाई प्रोत्साहन गर्दै आन्तरिक उत्पादनलाई बढावा दिई स्वदेशी उत्पादनले पुग्ने तरकारी एवम् खाद्य सामग्री आयात रोक्न पर्ने देखिन्छ।जसका लागि राष्ट्रिय आवश्यक्ता र स्थानीय सम्भाव्यताको आधारमा उत्पादकत्व अभिबृद्धि गर्दै ठूलो परिमाणमा एक स्थानमा एउटा बालीको खेती मार्फत उत्पादन

बृद्धि गरी कृषिलाई आयमूलक, आधुनिक र मर्यादित पेशा तथा उत्पादनशील व्यवसायको रुपमा विकास गर्न।

- कोभिड-१९ का कारण समस्यामा परेका किसानहरुलाई आवश्यक राहत तथा क्षतिपूर्तीको व्यवस्था गरी बास्तविक कृषकलाई उत्पादनका आधारमा सरल ढंगले अनुदान उपलब्ध गराउनु पर्ने देखिन्छ। कृषकहरुलाई बीऊ तथा मल र नवीनतम प्रविधि समयमै उपब्ध गराई लागतका आधारमा उत्पादनको उचित मूल्य प्राप्त गर्न सघाउ पुर्याउन कृषि उपजको बजारीकरणको प्रबन्ध गरी कृषिको व्यावसायिक उत्पादन बढाउन।
- कोभिड-१९ को कारण मारमा परेका पोल्ट्रि कृषकहरुलाई सामान अभाव लगायका बहानामा गुणस्तरहिन दाना तथा औषधीजन्य पदार्थको विक्री गरी थप मारमा पारिएको गुनासो प्राप्त भएको प्रति समितिको गम्भिर ध्यानाकर्षण भएको छ। तसर्थ कुखुरा पालक कृषकहरुलाई गुणस्तरीय दाना तथा औषधीजन्य पदार्थ मात्र उपलब्ध गराउने सुनिश्चितता गर्न।''

३. गृह मन्त्रालयलाई:-

कोभिड-१९ रोकथाम गर्ने नाममा कानूनलाई हातमा लिई अनधिकृत रुपमा तरकारी तथा फलफूल नष्ट गर्ने ब्यक्तिहरुलाई कानून बमोजिम कारवाही गरी किसानका उत्पादनहरु निर्वाध रुपमा ओसार पसार गर्न सक्ने व्यवस्था गर्न।

➢ मितिः २०७७।०२।२९ गतेको बैठकले लिम्पियाधुरा, लिपुलेक र कालापानी सहित नेपालको गुमेको भूभाग समेटेर नयाँ नक्सा जारी गरेकोमा मन्त्रालय लगायत नेपाल सरकारलाई धन्यवाद दिनुका साथै यथेष्ठ र आधिकारिक प्रमाणहरु जुटाएर वार्ताको लागि तयार रहन मन्त्रालयलाई सुझाव दियो ।

- मितिः २०७७।०३।०२ गतेको बैठकबाट भूमी ब्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालयलाई देहायको निर्देशन दिएको-
  "जमिन बाँझो राख्ने कार्यलाई दुरुत्साहन गर्न र जमिनको उत्पादकत्व बढाउन कृषि उत्पादन गर्न चाहने किसानका हातमा जमिन पुर्यउने गरी भूमि बैंकको स्थापना र संचालन गर्ने विधायकी मनसाय हो।जसले खाद्य सुरक्षा प्रबर्द्धनमा समेत सघाउ पुगी उत्पादकत्व बृद्धि हुन जानेछ। तसर्थ किसानको सहभागितामा प्रत्येक स्थानीय तहमा भूमि बैंक स्थापना गरी जमिनको उच्चतम उपयोग हुने गरी स्पष्ट कार्यविधि तथा कार्ययोजना तयार गरी एक महिना भित्र समिति समक्ष पेश गर्न भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालयलाई निर्देशन दिने।"
- मितिः २०७७।०३।०४ गतेको बैठकमा कोविड-१९ को विश्वब्यापी महामारीको कारण लागु गरिएको वन्दावन्दीको समयमा विभिन्न स्थानमा ठूलो मात्रामा वन फडानी भएको तथा राष्ट्रिय निकुञ्जहरुमा समेत वन्यजन्तुहरुको चोरी शिकारी बढेको सम्वन्धमा वन तथा वातावरण मन्त्री माननीय शक्ति बहादुर वस्नेत र वन तथा वातावरण मन्त्रालयका सचिव श्री विश्वनाथ ओलीसंग छलफल गरी देहायको निर्णय भयो:-
  - वन जंगलको अवैध फडानी र काठ तथा काठजन्य सामाग्रीहरुको कानून विपरित कारोबार गर्ने तस्करहरुलाई कडाइका साथ कारावाही गर्न वन तथा वातावरण मन्त्रालयको ध्यानाकर्षण गर्ने,
  - नेपालको वनलाई नेपालको संबृद्धिसँग जोड्दै हरियो वन नेपालको धनको नारालाई ब्यवहारमा चरितार्थ गर्न पुराना रुखहरु तथा ढले पढेका काठको पूर्ण क्षमतामा उपयोग गरी ठूलो मात्रामा भईरहेको काठजन्य वस्तुको आयातलाई प्रतिस्थापन गर्ने परिणाममुखी कार्यक्रम ल्याउन वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने।
- मितिः २०७७।०३।०८ गतेको बैठकमा पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६ का सम्वन्धमा विज्ञहरुसंग छलफल भएको।
- मितिः २०७७।०३।१० गतेको बैठकबाट देहाय वमोजिमको निर्णय भएको:-
  १. वैज्ञानिक वन ब्यवस्थापनको नाममा बाँके, बर्दिया, कैलाली, कञ्चनपुर र दाङ लगायत देशका विभिन्न भागमा वन जंगलको ब्यापक फडानी भएको सम्वन्धमा समितिमा उजुरी प्राप्त भएको र समय समयमा विभिन्न सञ्चार माध्यममा सो सम्वन्धी

समाचार प्रकाशन/प्रशारण भएकोमा समितिको गम्भीर ध्यानाकर्षण भयो । सो सम्वन्धमा यथाशिघ्र स्थलगत अवलोकन गरी समिति समक्ष एक महिना भित्र प्रतिवेदन पेश गर्न देहाय वमोजिमको उपसमिति गठन गर्ने:-

| | |
|---|---|
| मा. शान्ता चौधरी | — संयोजक |
| मा. सत्यनारायण शर्मा खनाल | — सदस्य |
| मा. राजबहादुर वुढाक्षेत्री | — सदस्य |

२. प्रतिनिधि सभा नियमावलीको नियम १७० ले विषयगत मन्त्रालयहरुको कार्यक्षेत्र सम्वन्धमा स्पष्ट ब्यवस्था गरेको छ।हालसालै अर्को समितिले यस समितिको कार्यक्षेत्र भित्र पर्ने वैज्ञानिक वन व्यवस्थापनको नाममा वन फडानी भएको सम्वन्धमा छानविन गर्न उपसमिति गठन भएकोप्रति समितिको गम्भिर ध्यानाकर्ण भई सो सम्वन्धमा माननीय सभापित मार्फत सम्माननीय सभामुखलाई अवगत गराउने।

➢ मितिः २०७७।०३।१८ गतेको बैठकवाट देहायको शोक प्रस्ताव पारित भएको-

"प्रतिनिधि सभा, कृषि सहकारी तथा प्राकृतिक श्रोत समितिको यो बैठक नेपाली काँग्रेस पार्टीबाट २०७४ सालको प्रतिनिधि सभा निर्वाचनमा समानुपातिक तर्फबाट निर्वाचित वर्तमान सदस्य र २०७० सालको संविधान सभा निर्वाचनमा बाग्लुङ्ग जिल्ला क्षेत्र नं. ३ बाट निर्वाचित सदस्य, सामाजिक एवं ग्रामीण विकासका कार्यमा सक्रिय, प्रजातान्त्रिक र लोकतान्त्रिक आन्दोलनका अथक योद्धा ज्ञानकुमारी छन्त्यालको ६३ वर्षको उमेरमा मिति २०७७ साल असार १७ गते बुधबार बाँसबारीस्थित शहिद गंगालाल हृदय रोग केन्द्रमा उपचारको क्रममा निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ।"

➢ मितिः २०७७।०३।३० गतेको बैठकवाट नेपाल सरकारलाई देहायको दिएको -

“बिगत केही दिन यताको भारी वर्षाको कारण मुलुकको विभिन्न भागमा बाढी र पहिरोले पुर्याएको धनजनको ठूलो क्षतिप्रति गहिरो दुःख प्रकट गर्दै अकल्पनीय प्राकृतिक प्रकोपमा परी जीवन गुमाएकाहरु प्रति समिति हार्दिक श्रद्वान्जलि व्यक्त गर्दछ।यस घडिमा शोक सन्तप्त परिवारजन प्रति समवेदना व्यक्त गर्दै युद्वस्तरमा तत्काल उद्धार कार्य गर्न र विस्थापितहरुको राहत, पुनर्वास एवम् क्षतिको न्यूनीकरणका साथै अन्नवाली तथा पशुपंक्षीमा पुग्न गएको क्षतिको राहतको लागि सघन पहल गर्न नेपाल सरकारलाई निर्देश गर्दछ।“